श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि काशित गरिएको छ ।

२०३४ सालको ऐन नं. २५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध वरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ोजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद परम ज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल ोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री ीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा मरविजयिनाम् ।**

मालपोतसम्बन्धी व्यवस्था गर्न बनेको ऐन

तावना : मालपोतको असूल तहसीलसम्बन्धी व्यवस्थामा संशोधन र एकीकरण गर्न र जग्गा वाद गर्ने सम्बन्धमा केही थप व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र मतिले यो ऐन बनाइबक्सेको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "मालपोत ऐन, २०३४" रहेको छ ।

(२) यस ऐनको विस्तार नेपाल अधिराज्यभर हुनेछ ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको जिल्लामा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "मालपोत कार्यालय" भन्नाले दफा ३ बमोजिम स्थापना भएको कार्यालय सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "मालपोत" भन्नाले जगावालाले प्रचलित नेपाल कानूनबमोजिम श्री ५ को सरकारलाई तिर्नुपर्ने मालपोत तथा सो सरहको अरू कुनै तिरोलाई सम्झनुपर्छ र सो शब्दले यो ऐनबमोजिमको म्यादभित्र मालपोत नतिरे बापत लाग्ने शुल्कलाई समेत जनाउँछ ।

(ग) "वर्ष" भन्नाले आर्थिक वर्ष सम्झनुपर्छ ।

(घ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

## परिच्छेद–२

## मालपोत कार्यालयको स्थापना

३. मालपोत कार्यालयको स्थापना : (१) श्री ५ को सरकारले प्रत्येक जिल्लामा एउटा मालपोत कार्यालयको स्थापना गर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका माल अड्डा र कोष तथा तहसील कार्यालयहरू यो ऐन प्रारम्भ भएपछि स्वतः मालपोत कार्यालयहरूमा परिणत हुनेछन् ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत तत्काल प्रचलित नेपाल कानूनबमोजिम माल अड्डा वा कोष तथा तहसील कार्यालयहरूले प्रारम्भ गरी पूरा हुन बाँकी रहेका काम यो ऐन प्रारम्भ भएपछि मालपोत कार्यालयहरूले जारी राख्नेछन् ।

४. भूमि प्रशासनको काम भूमिसुधार अधिकारी तथा मालपोत कार्यालयमा सर्ने : (१) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका भूमि प्रशासन कार्यालयहरू यो ऐन प्रारम्भ भएपछि स्वतः भूमिसुधार कार्यालयहरूमा र भूमि प्रशासकहरू भूमिसुधार अधिकारीहरूमा परिणत हुनेछन् र यो ऐन प्रारम्भ भएपछि भूमिसम्बन्धी ऐन, २०२१ अन्तर्गतको काम सोही ऐन-बमोजिम भूमिसुधार कार्यालय वा भूमिसुधार अधिकारीले गर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत भूमि प्रशासन ऐन, २०२४ बमोजिम भूमि प्रशासन कार्यालय वा भूमि प्रशासकले प्रारम्भ गरी पूरा हुन बाँकी रहेका भूमिसम्बन्धी ऐन, २०२१ बमोजिमका काम यो ऐन प्रारम्भ भएपछि भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम भूमिसुधार कार्यालय वा भूमिसुधार अधिकारीले जारी राख्नेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत भूमि प्रशासन ऐन, २०२४ बमोजिम भूमि प्रशासन कार्यालय वा भूमि प्रशासकले प्रारम्भ गरी पूरा हुन बाँकी रहेका उप-दफा (२) मा लेखिए-देखि बाहेक अन्य काम यो ऐन प्रारम्भ भएपछि यस ऐनबमोजिम मालपोत कार्यालयले जारी राख्नेछ ।

५. अन्य नेपाल कानूनबमोजिम माल अड्डा कोष तथा तहसील कार्यालय वा भूमि प्रशासन कार्यालयले गर्ने काम मालपोत कार्यालयले गर्ने : यो ऐन प्रारम्भ हुँदाको बखत तत्काल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रचलित अन्य नेपाल कानूनबमोजिम माल अड्डा, कोष तथा तहसील कार्यालय वा भूमि प्रशासन कार्यालयले गर्ने काम यो ऐन प्रारम्भ भएपछि दफा ४ को अधीनमा रही मालपोत कार्यालयले गर्नेछ र माल अड्डाको हाकिम, कोष तथा तहसील कार्यालयको प्रमुख वा भूमि प्रशासकले गर्ने काम मालपोत कार्यालयको प्रमुखले गर्नेछ र ती कानूनमा त्यस्तो कार्यालय वा अधिकारीको उल्लेख भएको ठाउँमा मालपोत कार्यालय वा मालपोत कार्यालयको प्रमुखको उल्लेख भएको सम्झिनेछ ।

परिच्छेद–३

जग्गाको दर्ता र रजिष्ट्रेशन गर्ने काम

६. जग्गाको दर्ता : (१) मालपोत कार्यालयले जिल्लाभित्रको प्रत्येक जग्गा तोकिएबमोजिम दर्ता गरी राख्नेछ ।

(२) उप-दफा (१) को प्रयोजनको लागि जग्गाको दर्ता किताब खडा गर्दा जग्गा नाप जाँच भएको ठाउँमा सो नाप जाँचबाट तयार भएको जग्गाधनी दर्ता स्रेस्ताबमोजिम र जग्गाधनी दर्ता स्रेस्ता तयार नभएको वा जग्गा नाप जाँच नभएको ठाउँमा आफ्ना कार्यालयमा रहेको लगत वा भूमिसुधार कार्यालय वा अन्य कार्यालयबाट प्राप्त लगतबमोजिम खडा गर्नु पर्नेछ ।

तर दर्तावाला मरी वा निजबाट हक हस्तान्तरण भई अरुको हक हुन आएको जग्गामा त्यस्तो हक भएका व्यक्तिको नाउँमा जग्गा दर्ता गर्न मालपोत कार्यालयले आवश्यक भएमा डोरसमेत खटाई अद्यावधि लगत खडा गर्नु पर्नेछ ।

७. जग्गाको दर्तासम्बन्धी विशेष व्यवस्था : (१) दफा ६ को उप-दफा (२) बमोजिम दर्ता किताब खडा गर्दा जग्गा (नाप जाँच) ऐन, २०१९ अन्तर्गत नापी हुँदा कुनै जग्गाको नापी नक्शा गर्न छुट हुन गएकोमा मालपोत कार्यालयले नापी विभागको सहमति लिई तोकिएबमोजिम सो जग्गाको नापी नक्शा गराई दर्ता गर्न सक्नेछ ।

(२) जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम नापी नक्शा भएको जग्गाको दर्ता गर्नसम्म छुट भएकोमा मालपोत कार्यालयले दर्ता गर्न सक्नेछ ।

(३) जग्गावालाको नाम, थर, वतन, उमेर वा जग्गाको कित्ता नम्बर क्षेत्रफल वा किसिम फरक परेकोमा वा दोहोरो दर्ता हुन गएकोमा मालपोत कार्यालयले आवश्यक जाँचबुझ गरी सो कुरा सच्याई दर्ता कायम गर्न सक्नेछ ।

८. रजिष्ट्रेशन, नामसारी, दाखिल खारेज र लगत कट्टा गर्ने काम : (१) प्रचलित नेपाल कानूनबमोजिम लिखतको रजिष्ट्रेशन, नामसारी, दाखिल खारेज र लगत कट्टा गर्ने काम मालपोत कार्यालयले गर्नेछ ।

(२) नामसारी, दाखिल खारेज, हाल आबादी दर्ता, लगत कट्टा वा अरु कुनै कारणबाट जग्गाको लगतमा हेरफेर गर्दा त्यसको सूचना मालपोत कार्यालयले भूमिसुधार कार्यालयलाई दिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–४

## मालपोतको असूलीसम्बन्धी व्यवस्था

९. मालपोत असूल गर्ने अधिकार : (१) मालपोत असूल गर्ने काम, कर्तव्य तथा अधिकार मालपोत कार्यालयको हुनेछ ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मालपोत कार्यालयले श्री ५ को सरकारको स्वीकृति लिई आफ्नो जिल्लाको केही वा सबै क्षेत्रको मालपोत कुनै संस्था वा व्यक्तिद्वारा असूल गर्न गराउन सक्नेछ ।

१०. मालपोत बुझाउनु पर्ने : श्री ५ को सरकारमा मालपोत बुझाउनु पर्ने प्रत्येक जग्गाको जग्गावालाले सो जग्गाको प्रचलित नेपाल कानूनबमोजिम निर्धारित भएको मालपोत प्रत्येक वर्ष बुझाउनु पर्नेछ ।

११. मालपोत बुझाउने म्याद : जग्गावालाले बुझाउनु पर्ने मालपोत प्रत्येक वर्ष वैशाख मसान्त-सम्ममा बुझाउनु पर्नेछ ।

१२. मालपोतमा छुट दिने : माघ मसान्तसम्ममा सो वर्षको मालपोत बुझाउने जग्गावालालाई सो वर्षको लाग्ने मालपोतको पाँच प्रतिशत छुट दिइनेछ ।

१३. मालपोत नबुझाएमा लाग्ने शुल्क : (१) दफा ११ बमोजिमको म्याद नाघेपछि सो वर्षको जेष्ठ १५ गतेसम्ममा मालपोत बुझाएमा पाँच प्रतिशत शुल्क समेत लगाई मालपोत असूल गरिनेछ ।

(२) उप-दफा (१) बमोजिमको म्याद नाघेपछि सोही वर्षको जेष्ठ मसान्तसम्ममा मालपोत बुझाएमा दश प्रतिशत शुल्कसमेत लगाई मालपोत असूल गरिनेछ ।

१४. मालपोत असूल हुन बाँकी जग्गाको फाँटवारी : दफा १३ को उप-दफा (२) बमोजिमको म्यादभित्र पनि मालपोत नबुझाई बाँकी रहेको जग्गाको तोकिएबमोजिमको फाँटवारी मालपोत कार्यालयले आषाढ ७ गतेसम्ममा तयार गर्नेछ । सो फाँटवारीबमोजिमको मालपोत बाँकी रहेको जग्गा लीलाम बिक्री गर्न मालपोत कार्यालयले तोकेको ठाउँहरूमा आषाढ १५ गतेसम्ममा सूचना प्रकाशित गर्नेछ ।

१५. मालपोत बाँकी भएको जग्गा रोक्का गर्न सकिने : दफा १४ बमोजिमको फाँटवारीबाट देखिएको मालपोत बाँकी भएको जग्गावालाको जग्गा बाँकी मालपोत चुक्ति नबुझाएसम्म वा बाँकीमा लीलाम बिक्री नभएसम्म मालपोत कार्यालयले रोक्का राख्न सक्नेछ ।

तर, त्यसरी रोक्का रहेको जग्गामा साबिकबमोजिम खेती गर्न पाउनेछ ।

१६. जग्गा लीलाम गर्ने : (१) दफा १४ बमोजिमको फाँटवारीबाट देखिएको मालपोत बाँकी भएको जग्गामध्ये मालपोत असूल उपर गर्न मालपोत बाँकी रहेको कित्ता जग्गा मालपोत कार्यालयले तोकिएबमोजिम लीलाम बिक्री गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यस दफाबमोजिम लीलाम विक्रीको काम सोही वर्षको आषाढ मसान्तसम्ममा गरिनेछ ।

(३) उप-दफा (१) बमोजिम लीलाम विक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो जग्गाको स्वामित्व श्री ५ को सरकारमा सर्नेछ र श्री ५ को सरकारको स्वामित्वमा आएको जग्गा तोकिएबमोजिम विक्री वितरण गर्न सकिनेछ ।

तर, त्यस्तो जग्गाको स्वामित्व श्री ५ को सरकारमा सरे पनि सो जग्गामा रहेको मोहीको मोहीयानी हक कायमै रहनेछ ।

(४) उप-दफा (१) बमोजिम लीलाम विक्रीबाट आएका रकममध्ये बाँकी मालपोत त्यस्को पचास प्रतिशत शुल्कसमेत कटाई बाँकी रहेको रकम सम्बन्धित जग्गावालालाई फिर्ता दिइनेछ ।

(५) उप-दफा (३) बमोजिम श्री ५ को सरकारको स्वामित्वमा आएको जग्गा विक्री वितरण नभएसम्म त्यस्को रेखदेख र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि आषाढ १ गतेदेखि जग्गा लीलाम विक्री नभएसम्म मालपोत दाखिल हुन आएमा त्यस्तो जग्गावालाबाट मालपोत कार्यालयले मालपोतको पैंतीस प्रतिशत शुल्कसमेत लगाई मालपोत असूल गर्न सक्नेछ ।

१७. मालपोत बुझाउने म्याद बढाउन सकिने : (१) दफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि सो दफामा तोकिएको म्यादभित्र कुनै वर्ष कुनै जिल्ला वा पञ्चायत वा कुनै व्यक्तिको मालपोत बुझाउन नसक्ने परिस्थिति छ भन्ने कुरा लागेमा श्री ५ को सरकाले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी मालपोत बुझाउने म्याद बढाउन सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम म्याद थप भएकोमा सो थप भएको जिल्ला, पञ्चायत वा व्यक्तिको सम्बन्धमा सो थप म्याद भुक्तान भएपछि मात्र दफा १३, १४, १५ र १६ बमोजिमको कारवाई गरिनेछ र त्यस्तोमा जति दिनको म्याद थप भएको छ त्यति दिन सो दफाहरूमा विभिन्न काम कारवाई गर्ने भनी उल्लेख भएको म्यादहरूमा समेत सोहीबमोजिम थप गरी म्याद कायम गरिनेछ ।

१८. रसीद दिने : मालपोत कार्यालय वा मालपोत असूल गर्ने व्यक्ति वा संस्थाले बुझिलिएको मालपोतको रसीद मालपोत बुझाउनेलाई दिनु पर्नेछ ।

१९. हदबन्दीभन्दा बढी जग्गाको मालपोत असूल गर्ने सम्बन्धमा : भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम राख्न पाउने हदबन्दीभन्दा बढी जग्गा सम्बन्धित अधिकारीले प्राप्त गरी विक्री वितरणबाट हस्तान्तरण नभएसम्म साबिकबमोजिम श्री ५ को सरकारलाई मालपोत बुझाउने गरी साबिक जग्गावालाको भोग चलनमा रहेको जग्गाको मालपोत सो जग्गावालाबाट असूल उपर गरिनेछ ।

तर, त्यस्तो जग्गाको मालपोत बाँकीमा जग्गा लीलाम नगरी सो जग्गावालाले पाउने क्षतिपूर्तिबाट बाँकी मालपोत कट्टा गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–५

## मालपोत मिनहासम्बन्धी व्यवस्था

२०. नदीकाट, बालुबुर्ज भएमा वा पहिरो गएमा मालपोत मिनहा दिने : (१) मालपोत लाग्ने कुनै जग्गा कुनै वर्ष नदी खोलाले काटेमा वा बालुबुर्ज भएमा वा पहिरो गएमा वा पहिरोले पुरी मुख्य बाली हुन नसकेमा सम्बन्धित जग्गावालाले तोकिएको म्यादभित्र तोकिएको ढाँचामा विवरण खोली मालपोत कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

तर, बाली लागेको जग्गाको हकमा उप-दफा (२) बमोजिम जाँचबुझ हुनुभन्दा अगावै सो बाली काट्नु हुँदैन ।

(२) उप-दफा (१) बमोजिम पर्न आएको दरखास्तमा उल्लेखित कुराहरूको जाँचबुझ गर्न मालपोत कार्यालयको प्रमुखले तीस दिनभित्र आफैं गई वा डोर खटाई जाँचबुझ गर्नु गराउनु पर्नेछ । सो बमोजिमको जाँचबुझ गर्दा गराउँदा सो वर्ष मालपोत मिनहा गर्नुपर्ने देखिएमा कति प्रतिशतसम्म मालपोत मिनहा दिनुपर्ने हो मालपोत कार्यालयले यकीन गरी मिनहा दिई मालपोत विभागमा सात दिनभित्र जानकारी दिनु पर्नेछ ।

(३) उप-दफा (२) बमोजिमको जाँचबुझबाट कुनै जग्गा सधैंको निमित्त बेसाबूद वा बेकम्मा भएको देखिएमा सो जग्गाको लगत कट्टा गर्न मालपोत कार्यालयले श्री ५ को सरकारमा जाहेर गर्नेछ र श्री ५ को सरकारले मुनासिब देखेमा सो जग्गाको लगत कट्टा गर्न मालपोत कार्यालयलाई आदेश दिनेछ ।

२१. सुक्खा वा अन्य दैवी प्रकोपले बाली हुन नसकेमा मालपोत मिनहा हुने : (१) कुनै वर्ष सुक्खा वा असिना परी वा सलह लागी वा बाढी आई वा अरू कुनै दैवी प्रकोपले कुनै क्षेत्रमा बाली नोक्सान भएमा आवश्यक जाँचबुझ गरी आँशिक वा पूरा मालपोत मिनहा दिनुपर्ने लागेमा आफ्नो राय सहित मालपोत कार्यालयले श्री ५ को सरकारमा जाहेर गर्नेछ ।

(२) उप-दफा (१) बमोजिम जाहेर भई आएमा वा कुनै तवरले त्यस्तो अवस्थाको जानकारी श्री ५ को सरकारलाई भएमा आवश्यक भए स्थानीय पञ्चायतलाई समेत बुझी आवश्यक देखिए जति मालपोत श्री ५ को सरकारले मिनहा गर्नेछ ।

## परिच्छेद–६

## मालपोत असूल गर्ने काम, कर्तव्य र दायित्वसम्बन्धी व्यवस्था

२२. मालपोत असूल गर्नेको काम, कर्तव्य, अधिकार, सुविधा र पारिश्रमिक : दफा ६ को उप-दफा (२) बमोजिम मालपोत असूल गर्ने व्यक्ति वा संस्थाको काम, कर्तव्य, अधिकार, सुविधा र पारिश्रमिक तोकिएबमोजिम हुनेछ ।

२३. मालपोत असूल गर्ने व्यक्तिले कानून बखिलाप काम गरेमा : मालपोत असूल गर्ने व्यक्तिले मालपोत असूल तहसीलको काममा जानी जानी वा बदनियतसाथ यस ऐन वा अन्य कुनै प्रचलित नेपाल कानूनको बखिलाप कुनै काम कुरा गरेबाट वा कानूनबमोजिम पालन गर्नुपर्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै काम कर्तव्यको पालन नगरेबाट श्री ५ को सरकार वा अरू कसैलाई कुनै किसिमको हानी नोक्सानी भएमा सो हानी नोक्सानीको बिगो वा अन्य दायित्व निजले व्यक्तिगत रूपमा व्यहोर्नु पर्नेछ र मालपोत असूल गर्ने संस्था भए सो संस्थाका सदस्यहरूले सामूहिक र व्यक्तिगत दुवै प्रकारले सो दायित्व व्यहोर्नु पर्नेछ ।

तर,

(१) त्यस्तो कानून बर्खिलाप कुनै काममा आफू सरीक नभै मालपोत कार्यालयलाई मौकैमा सो कुरा जाहेर गर्ने व्यक्तिले यस दफाबमोजिमको दायित्व व्यहोर्नु पर्ने छैन ।

(२) तहबील मसौट गरेकोमा अन्य प्रचलित नेपाल कानूनबमोजिम कारवाई गर्न यस दफाले कुनै बाधा पुऱ्याउने छैन ।

## परिच्छेद–७

## जग्गा आवाद गर्नेसम्बन्धी व्यवस्था

२४. सार्वजनिक जग्गा वा सरकारी वन क्षेत्रको जग्गा दर्ता वा आवाद गर्नमा प्रतिबन्ध : (१) परापूर्वदेखि हिंडी आएको बाटो, सडक, गौचर, पानीघाट, चिहान, मसानघाट, कुवा सार्वजनिक पोखरी, पोखरीको डील, खानेपानीको मूल, गाईवस्तु चराउने चौर, गाईवस्तु निकाल्ने निकास, हाट मेला लाग्ने ठाउँ, सार्वजनिक मनोरञ्जन र खेलकूद गर्ने ठाउँ, त्यस्तै सार्वजनिक रूपमा चलन भई आएको वा सन्धिसर्पन पर्ने जग्गा र श्री ५ को सरकारले कमौट नगर्नु भनी बञ्याइएको वा रोक्का राखिएको जग्गा कसैले दर्ता गर्न गराउन हुँदैन ।

(२) वन फडानी गरी बसोबास गराउने श्री ५ को सरकारको योजना भएकोमा वा श्री ५ को सरकारले अन्यथा आदेश दिएकोमा बाहेक सरकारी वन क्षेत्रको जग्गा, वन सीमाना नलगाइएको भए तापनि वन भएको जग्गा, चारैतिर वनले घेरिएको पर्ति वा बेदर्ता आवादी जग्गा कसैले दर्ता वा आवाद गर्न गराउन हुँदैन ।

(३) उप-दफा (१) र (२) मा उल्लिखित जग्गाहरू दर्ता गराइएको भए तापनि सो दर्ताको नाताले कसैले त्यस्तो जग्गादावी गर्न वा आवाद गर्न पाउने छैन र त्यस्तो दर्ता स्वतः बदर हुनेछ ।

(४) उप-दफा (१) मा उल्लिखित जग्गाहरू र उप-दफा (२) मा उल्लिखित ज॰ हरूमध्ये यो ऐन प्रारम्भ हुँदाका बखत पर्ति र वन वनेलो कायम रहेका जति जग्गाहरू यो ऐन प्रारम्भ हुनुभन्दा अघि दर्ता गराइएको भए तापनि सो दर्ताको नाताले जग्गामा दावी वा आवाद गर्न पाउने छैन र सो दर्ता यो ऐन प्रारम्भ भएपछि जुनसुकै बखत मालपोत कार्यालय वा श्री ५ को सरकारले तोकेको अधिकारीले बदर गर्न सक्नेछ ।

२५. दर्ता नभएको जग्गा आवाद गर्न नहुने : दर्ता नभएको जग्गा कसैले आवाद गर्नु गराउनु हुँदैन ।

तर, दफा २६ बमोजिम तोकिएको समितिले जग्गा आवाद गर्न स्वीकृति दिएपछि वा पुनर्वाससम्बन्धी प्रचलित नेपाल कानूनबमोजिम जग्गा बिक्री वितरण भएपछि त्यस्तो जग्गा आवाद गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. स्वीकृति लिई दर्ता नभएको जग्गा आवाद गर्ने: (१) दर्ता नभएको जग्गा आवाद गर्न तोकिएको समितिबाट स्वीकृति लिनु पर्नेछ ।

(२) दर्ता नभएको जग्गा आवाद गर्न स्वीकृतिको निमित्त तोकिएको समितिमा दरखास्त दिनु पर्नेछ ।

(३) मोही वा जग्गावालाको हैसियतले तोकिएको हदसम्म आफ्नो जग्गा नभएको व्यक्तिले मात्र उप-दफा (२) बमोजिम दरखास्त दिन पाउनेछ ।

(४) तोकिएको समितिले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम तथा अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही उप-दफा (३) बमोजिमका व्यक्तिलाई दर्ता नभएको जग्गा आवाद गर्न स्वीकृति दिन सक्नेछ ।

(५) उप-दफा (४) बमोजिम तोकिएको समितिले स्वीकृति दिंदा त्यस्तो जग्गा आवाद गर्न पाउने शर्तहरू तथा सो बापतको दस्तूर तोकिएबमोजिम हुनेछ ।

तर,

(क) यस दफामा लेखिएको कुनै कुराले दफा २४ को उप-दफा (१) र (२) बमोजिम आवाद वा दर्ता गर्न नहुने जग्गा आवाद गर्न स्वीकृति दिने अधिकार त्यस्तो समितिलाई हुने छैन ।

(ख) कुनै कारणले कुनै व्यक्तिको नाममा हाल आवादी दर्ता हुन नसक्ने जग्गा सो व्यक्तिलाई तोकिएको समितिले आवाद गर्न स्वीकृति दिने छैन ।

(ग) कुनै एकै जग्गा आवाद गर्न स्वीकृतिको लागि एकभन्दा बढी व्यक्तिहरूको दरखास्त परेमा तोकिएबमोजिमको प्राथमिकता अनुसार अनुमति दिइनेछ ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै क्षेत्रको जग्गामा बसोबास गराउने भएमा श्री ५ को सरकारले तोकेको हदसम्मको जग्गा पुनर्वाससम्बन्धी प्रचलित नेपाल कानूनबमोजिम विक्री वितरण गराउन सक्नेछ ।

(७) तोकिएको समितिले जग्गा आवाद गर्न स्वीकृति दिंदा वा उप-दफा (६) बमोजिम बसोबासको निमित्त जग्गा विक्री वितरण गर्दा तोकिएको समिति वा सम्बन्धित अधिकारीले त्यस्तो जग्गा दर्ता गर्न लगाउनु पर्नेछ ।

(८) यस दफाअन्तर्गत सम्बन्धित समिति वा अधिकारीले गरेको निर्णय वा आदेशलाई मालपोत कार्यालयले तोकिएबमोजिम कार्यान्वित गर्नेछ ।

परिच्छेद–८

## विविध

२७. जिमिदारसंगको बक्यौता असूल गर्ने: जिमिदारी उन्मूलन हुँदाका बखत जिमिदारसंग पेट बाँकी रहन गएको मालपोत प्रचलित नेपाल कानूनबमोजिम सरकारी बाँकी सरह जिमिदारी स्रेस्ताबमोजिम असूल उपर गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८. मालपोत असूल तहसील गर्ने काममा बाधा विरोध गर्नेलाई सजाय : कसैले मालपोत असूल तहसील गर्ने काममा बाधा विरोध पुऱ्याएमा सो बाधा विरोध गर्ने व्यक्तिलाई मालपोत कार्यालयका प्रमुखले पाँचसय रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

२९. आवाद गर्न नहुने जग्गा आवाद गर्नेलाई सजाय : दफा २४ को उप-दफा (१) र (२) बमोजिम आवाद वा दर्ता गर्न नहुने जग्गा कसैले आवाद गरे गराएमा निजलाई सो जग्गा आवाद गरेकै वर्ष देखिको प्रचलित नेपाल कानूनबमोजिम लाग्ने मालपोतको बिगोको दश दोब्बर जरीवाना गरी मालपोत कार्यालयको प्रमुखले सो जग्गा बझ्याई दिनेछ ।

३०. स्वीकृति बिना जग्गा आवाद गर्नेलाई सजाय : कसैले दफा २६ को उप-दफा (४) बमोजिम स्वीकृति प्राप्त नगरी दर्ता नभएको कुनै जग्गा आवाद गरेमा वा गर्न लगाएमा निज सो जग्गा आवाद गरेकै वर्षदेखिको प्रचलित नेपाल कानूनबमोजिमको मालपोतको बिगोको दश दोब्बरसम्म जरीवाना गरी मालपोत कार्यालयको प्रमुखले सो जग्गा जफत गर्नेछ, त्यसरी जफत भएको जग्गाको सम्बन्धमा तोकिएबमोजिम हुनेछ ।

३१. पुनरावेदन : दफा २८, २९ वा ३० अन्तर्गत मालपोत कार्यालयको प्रमुखले गरेको निर्णय उपर अञ्चलाधीशसमक्ष पुनरावेदन लाग्नेछ ।

३२. अदालतलाई भए सरहको अधिकार हुने : यस ऐन अनुसारको काम कारवाई गर्दा बयान लिन, पक्ष झिकाउन, प्रमाण बुझ्ने, कागजपत्र दाखिल गराउने सम्बन्धमा मालपोत कार्यालयको प्रमुखलाई प्रचलित नेपाल कानूनबमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

३३. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

३४. बाधा अडकाउ फुकाउने अधिकार : यो ऐन कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा श्री ५ को सरकारले सो बाधा अडकाउ फुकाउनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

३५. निष्क्रय तथा खारेज हुने : यो ऐन प्रारम्भ भएका जिल्लामा देहायका नेपाल कानूनहरू निष्क्रय हुनेछन् र यो ऐन नेपाल अधिराज्यभर प्रारम्भ भएपछि उक्त नेपाल कानूनहरू स्वतः खारेज हुनेछन् ।

(क) भूमि प्रशासन ऐन, २०२४
(ख) मालपोत (विशेष व्यवस्था) ऐन, २०१८
(ग) मालपोत (मिनहा) ऐन, २०१९
(घ) मधेश मालको सवाल
(ङ) पहाड माल सवाल

लालमोहर सदर मिति :– २०३४।६।१८।२

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।